# ♣सुदूरपश्चिम प्रदेश आकस्मिक कोष ऐन, २०७५

प्रमाणीकरण मिति

२०७५।३।२६

संशोधन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ — २०७६।५।४

प्रस्तावना: भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा प्रदेश सरकारले तत्काल आकस्मिक कार्यहरु सञ्चालन गर्न प्रदेश आकस्मिक कोष स्थापना र सञ्चालनका लागि कानून तर्जुमा गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २१२ को उपधारा (१) बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम ♣"सुदूरपश्चिम प्रदेश आकस्मिक कोष ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा गरिने आकस्मिक कार्य सम्झनु पर्छ ।

(ख) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले ♣सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ र सो शब्दले प्रदेश सभाबाट पछि नामाकरण हुने नाम समेतलाई जनाउँछ ।

३. प्रदेश आकस्मिक कोषको स्थापना: प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिनेछ ।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ द्वारा संशोधित



CamScanner

४. प्रदेश आकस्मिक कोषमा जम्मा गरिएको रकमः प्रदेश सञ्चित कोषबाट चालु आर्थिक वर्ष २०७४/७५ मा पचास लाख रुपैयाँ झिकी त्यस्तो रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिनेछ ।

५. प्रदेश आकस्मिक कोषको रकम वृद्धि गर्न सक्नेः प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

६. प्रदेश आकस्मिक कोषको सञ्चालनः प्रदेश आकस्मिक कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

७. प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्नेः प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

८. खर्चको रकम सोधभर्ना गर्नुपर्नेः प्रदेश सरकारले दफा ७ बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम विनियोजन ऐन बमोजिम प्रत्येक आर्थिक वर्षको लागि विनियोजित रकमबाट सोधभर्ना गर्नु पर्नेछ ।

९. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

⊗⊗⊗

CamScanner